





# पातारासी गाउँपालिका, खाद्य सुरक्षा सर्वेक्षण बुलेटिन २०७८  वर्ष १ अंक १

## गाउँपालिकाको संक्षिप्त परिचय  (Patarasi Rural Municipality—a brief introduction)

पातारासी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लामा अवस्थित उच्च पहाडी विशेषता बोकेको गाउँपालिका हो। राज्य पुर्नसंरचना पश्चात साविकको डिल्लीचौर, पटमारा, छुमचौर र पातारासी गरी ४ वटा गाविसलाई मिलाएर वि.सं. २०७३ मा पातारासी गाउँपालिकाको गठन गरिएको हो। यस गाउँपालिकाको पूर्वमा पातारासी हिमाल अवस्थित छ, यसै हिमालको नामबाट नै यस गाउँपालिकाको नाम पातारासी राखिएको हो।  पातारासी गाउँपालिकामा समथर फाँटहरूदेखि अग्ला हिउँ पर्ने डाँडाहरू समेत रहेका छन। यस गाउँपालिकालाई ७ वडाहरूमा विभाजन गरिएको छ। यो गाउँपालिकाको क्षेत्रफल ८१४.०७ वर्ग कि.मी. रहेको छ।

यो पालिका समुन्द्री सतहबाट करिब ३२०० मिटर सम्मको उँचाईमा रहेको छ, साथै यस गाउँपालिकामा विश्वको उच्च स्थानमा धान खेती हुने  स्थान छुम गाउँमा पनि  रहेको छ। यो गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलंङ्गादेखि पुर्व दिशामा रहेको छ। यस गाउँपालिकाको पुर्वमा  डोल्पा जिल्ला, पश्चिममा चन्दननाथ नगरपालिका र कनकासुन्दरी गाउँपालिका, उत्तरमा मुगु जिल्ला र दक्षिणमा गुठीचौर गाउँपालिका अवस्थित छन्।

२०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जनसङ्ख्या १४,५७१ रहेको देखिन्छ। यस पालिकामा लक्षित घरधुरी समुह छलफल सर्वेक्षणमा प्राप्त कुल घरधुरी ३,४५९ साथै गाउँपालिकाको प्रोफाईल अनुसार ५ देखि ५९ महिना उमेर समुहका बालबालिकाको संख्या २,२१७ जना रहेका छन।




## सर्वेक्षण बिधि तथा तथ्याङ्क विश्लेषण  (Data collection method and analysis)

**बस्तीस्तरीय लक्षित घरपरिवारहरुसँग छलफल** – गाउँपालिकाको प्रत्येक ७ वडाहरुको ८२ वटा गाउँबस्ती/टोलको पहिचान गरि पातारासी गाउँपालिकाको कृषि,पशु शाखा र अन्य शाखामा कार्यरत जनशक्तिहरुलाई २ दिने अनुशिक्षण पश्चात बस्तीस्तरमा स्थलगत लक्षित समुह छलफल गरी निर्धारित खाद्य सुरक्षा सूचना संकलन फाराममा तथ्यांक संकलन गरिएको थियो।

**जानीफकारसंग अन्तरवार्ता** – बस्तीस्तरमा विषयगत जानिफकार बिच विषेश छलफल तथा अन्तरकृया गरी सूचनाहरु संकलन तथा बस्तीस्तरबाट सूचनाहरुलाई दोहोरो जाँच तथा प्रमाणित  गर्ने काम गरिएको थियो।

**द्वितिय स्रोत** – गाउँपालिकाका सम्बद्ध निकाय तथा शाखा कार्यालयहरुको चौमासिक, बार्षिक प्रतिवेदन  साथै खाद्य सुरक्षासँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा प्रतिवेदनहरु द्वितिय स्रोतकोरुपमा प्रयोग गर्दै सुक्ष्मरुपमा जानकारीहरुको अध्ययन गरिएको  थियो।

**विश्लेषण** – संकलित जानकारीहरूलाइ खाद्य सुरक्षाका चार आयामहरु क्रमशः खाद्य उपलब्धता, पहूँच, उपयोगिता र स्थिरताको सन्दर्भमा वडागत स्थिति झल्किने गरी विश्लेषण तथा विवेचना गरिएको छ।




**अध्ययनको सीमा**– गाउँपालिकाको ७ वटा वडाहरुको प्रत्येक गाउँ बस्ती लक्षित समुह छलफल गरी सूचना  तथा तथ्यांक संकलन गरीएको थियो। वडास्तरको खाद्य सुरक्षाको ४ वटा आयामहरुलाई मुख्यरुपमा ध्यानमा राखी लक्षित समुह छलफलको लागि चेक लिष्टको माध्यमद्वारा सूचना  संकलन गरिएको थियो। यस अध्ययनमा अन्य क्षेत्रको विगतमा प्राप्त सफल अनुभव बमोजिम तयार गरिएको छ। यस अध्ययनमा यथासक्य बढी सूचना संकलनहरुको व्यवस्थापन तथा बिश्लेक्षण सम्बन्धी व्यवहारिक कठिनाईहरुका बाबजुद सम्बन्धित सबैको प्रयासबाट समग्र गाउँपालिको प्राम्भिकरुपमा खाद्य सुरक्षा अवस्था विवरण तयार भएको छ। यस अध्ययनको सूचनाको आधार भनेको गाउँ/बस्ती स्तरको ब्यक्तिहरु भएकोले उनीहरुको सुचनाको आधारमा यो प्रतिवेदन तयार गरिएको हो। प्रस्तुत सूचना /तथ्यांकलाई संभव भएसम्म वडागत र खाद्य सुरक्षाको आयामहरु मध्य नजर गरी खण्डीकृतरुपमा बिशलेषण गर्ने प्रयास गरिएको छ। आगामी दिनमा गाउँपालिकाबाट सीमित आर्थिक तथा मानवीय स्रोतसाधनको बाबजुद पहिलो प्रयासको रुपमा तयार गरिएको यो खाद्य सुरक्षा बिश्लेषण समय अनुकुल आवद्यिकरुमा परिमार्जन तथा अध्यावद्यिक गर्दै लैजान जरुरी छ।

## वडास्तरीय खाद्य सुरक्षा सर्वेक्षणको प्रारम्भिक नतिजा (Preliminary results of ward-wise food security information)

### जग्गाको प्रकार र क्षेत्रफल (Types of Land and Area)

यस पातारासी गाउँपालिकाका बासीन्दाहरुको मुख्य पेसा कृषि रहेको छ। गाउँपालिकाको कूल क्षेत्रफल ८१४.०७ वर्ग कि.मी. रहेको छ। बस्तीस्तरमा स्थलगत लक्षित घरधुरी सर्वेक्षण अनुसार खेती गरिएको बारी/पाखो १,४९२ हेक्टर (७६ प्रतिशत) र खेत ४६० हेक्टर (२४ प्रतिशत) रहेको देखिन्छ।

पातारासी गाउँपालिकामा समथर फाँटहरूदेखि अग्ला हिउँ पर्ने डाँडाहरू समेत रहेका छन। जुवा नदीको दाँया बाँया समथर फाँटहरूमा मानिसहरूको बसोबास भएको पाइन्छ। यस गाउँपालिकामा हिमाली भेगबाट बग्ने खोला तथा नदीहरु जलसम्पदाका मुख्य स्रोतहरु रहेका छन्। उच्च पहाडी श्रृंखलाले बनेकोले यस गाउँपालिकामा कडा खालको चट्टानी भुभाग, भीरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ। साथै उच्च स्थानहरुमा चरनका लागि पाटन क्षेत्र समेत रहेको छ। गाउँपालिकामा १२६ स्थानमा भएको चरन क्षेत्र र अनुमानित ३,७१३ हेक्टर ओगटेको छ।

उच्च पहाडी क्षेत्रमा हुने वन तथा जैविक विविधाता यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ। यो क्षेत्र जैविक तथा वानस्पतिक महत्वका जीवहरुको बासस्थानको रुपमा परिचित छ साथै यस क्षेत्रमा बिभिन्न जडीबुटीहरू लगायतका वनस्पतिहरू पाइन्छन्।

**पातारासी गाउँ पालिकाको खेत बारी (हेक्टर र प्रतिशतमा)**




यस क्षेत्रमा स्याउ, ओखर र आरु जस्ता फलफुलहरु उत्पादन हुन्छ, भने विशेषगरि तरकारी बालीहरुमा आलु, काउली, बन्दा र गाजर उत्पादन हुने गरेको छ। परम्परागत खेती प्रणाली, सिमित कृषि प्रसार, पर्याप्त सिंचाइ सुविधाको अभावका कारण निर्वाहमुखी उत्पादन मात्र हुने गरेको देखिन्छ। यस गाउँपालिकामा पशुपालनका लागि उच्च उपयुक्त उच्च क्षेत्रमा चरन क्षेत्र रहेको छ। यो पालिका गाईगोरु, भेडावाख्रा, घोडा खच्चर र चौरी पालनको लागि उपयुक्त रहेको छ।

## खाद्य उपलब्धता (Food Availability)

### वार्षिक उत्पादन (Annual Production)

**वाडगत अन्न बाली उत्पादन अवस्था ( मे.टन र प्रतिशतमा)**




**समग्र तरकारी उत्पादन विवरण**




यस गाउँपालिकाको मुख्य अन्न बालीहरुमा धान,गहुँ, मकै, जौ, गहुँ ,फापर, कोदो र चिनो/कागुनो रहेको छ। अन्न बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: वाडनं २ मा १३४ मेटन ( १८ प्रतिशत), वाडनं ४ मा १३६ मेटन ( १६ प्रतिशत), वाडनं ७ मा १३५ मेटन ( १६ प्रतिशत), वाडनं ४ मा ११७ घर (१६ प्रतिशत), वाडनं ६ मा ११७ मेटन (१६ प्रतिशत), वाडनं १ मा १११ मेटन (१५ प्रतिशत), वाडनं ३ मा १०२ मेटन (१४ प्रतिशत), वाडनं ५ मा ९१ मेटन (१२ प्रतिशत), र वाडनं ७ मा ७७ मेटन (१० प्रतिशत) रहेको छ। तरकारी बाली कुल उत्पादनको बढी उत्पादन हुने तरकारीहरु क्रमश: फर्सी ५३ मे.टन (२५ प्रतिशत), काउली ३४ मे.टन (१६ प्रतिशत), बन्दा ३० मे.टन (१४ प्रतिशत), रायो २९ मे.टन (१४ प्रतिशत) र मुला २७ मे.टन (१३ प्रतिशत) रहेको छ।

पशुपन्छी संख्या विवरण गाई/गोरु, खसी/बोका, कुखुरा, खरायो र घोडा/ खच्चर रहेको छ। पशुपन्छी संख्यात्मक तवरले बढी पालन गर्ने वडाहरु क्रमश: ७, ५, ४ र २ रहेको छ। पशुजन्य उत्पादनमा क्रमश: दुध उत्पादनमा संलग्न १,५९० घरधुरी (१४ प्रतिशत) र घ्यू उत्पादन १,३२३ घरधुरी (१० प्रतिशत) रहेका छन्।

**वार्डगत पशुपंछीको संख्या र पालन गर्न घरपरीवार विवरण**



# खाद्य उपलब्धता (Food Availability)

## वार्षिक उत्पादन तथा स्थानीय खाद्य उत्पादन प्रर्याप्तता (Annual Production and Sufficiency of Local Food Production )

वाडगत स्थानीय उत्पादनबाट खाद्य प्रर्याप्तता




नगदे बाली उत्पादन विवरण




समग्रमा गाउँपालिकाको कुल घरपरिवारमा आफ्नो स्थानीय उत्पादनले ४ महिना भन्दा कम पुग्ने ३९ प्रतिशत घरधुरी छन् । वाडगतरुपमा हेर्दा खाद्य प्रर्याप्तता ४ महिना भन्दा कम पुग्ने वडानं १ मा १२ घर (२ प्रतिशत), वडानं २ मा २७१ घर (१८ प्रतिशत), वडानं ३ मा २५६ घर (१८ प्रतिशत), वडानं ४ मा ३६२ घर (४४ प्रतिशत), वडानं ५ मा ८१ घर (२० प्रतिशत), वडानं ६ मा २८० घर (२३ प्रतिशत) र वडानं ७ मा ९४ घर (११ प्रतिशत) घरधुरीहरु रहेको देखिन्छ ।

यस पातारासी गाउँपालिकाको मुख्य नगदे बालीको रुपमा आलु, सिमी, स्याउ र ओखर पर्दछन् । नगदे बाली आम्दानीको तवरले पनि यीनै बालीले बढी हिस्सा ओगटेको छ । वाडगत नगदेबालीको कुल उत्पादनको क्रमश: वार्डनं ४ (२८ प्रतिशत), वार्डनं ७ (२२ प्रतिशत), वार्डनं ५ मा (१४ प्रतिशत), वार्डनं १ (१२ प्रतिशत) र वार्डनं ३ (१० प्रतिशत) रहेको छ ।

गैरकाष्ठ बनपैदावार उत्पादनको हिसावले क्रमश; सेतोचिनी, पदमचाल, जटामासी, कटुको र खिरौला रहेको छ । वाडगतरुपमा गैरकाष्ठ बनपैदावारको कुल उत्पादनको हिस्साको हिसावले क्रमश: वार्डनं ४ (४४ प्रतिशत), वार्डनं १ (२० प्रतिशत), वार्डनं २ (१७ प्रतिशत) र वार्डनं ५ (१७ प्रतिशत) प्रमुख रहेका छन् ।

गैरकाष्ठ बनपैदावार उत्पादन विवरण




# खाद्यमा पहुँच (Access )

यस पातारासी गाउँपालिकाको स्थानीय उत्पादन तथा बिक्रीमा संलग्न घरपरिवारहरु मध्ये, आम्दानीको हिसावले ओगोटेको हिस्सा गैरकाष्ठ बनपैदावार घरधुरी ३,२३८ (३१ प्रतिशत),पशुजन्य १,५२५ घरधुरी (२९ प्रतिशत ), नगदे बाली ३,७११ घरधुरी (३० प्रतिशत ) अन्न बाली १,७५४ घरधुरी (७ प्रतिशत ) छ । यस गाउँपालिका आम्दानीको स्रोतकोरुपमा धेरै हिस्सा अन्न बालीमा फापर, मकै र कोदो रहेको छ । पशुजन्यमा भेडा, बाख्रा छ भन्ने नगदे बालीमा स्याउ, सिमी र गैरकाष्ठ वनपैदावारमा जटामासी, बनलसुन र सुगन्धवाल छ ।

वडागत तवरले कुल साना तथा ठुला खुद्रा पसल,फेन्सी पसल,खाद्यान्न पसल समेत गरी कुल बजार संख्या १९३ रहेको छ, भने क्रमश वार्डनं ४ मा ६९ वटा, वडानं ६ मा ५० वटा, वडानं ५ मा २७ वटा, वडानं ७ मा १७ वटा र वडानं ३ मा १२ वटा छन । वडागतरुपमा कारोवार बढी हुने वडानं ५, ४, ६ र ७ रहेको छ ।

स्थानीय उत्पादनको बिक्री र बिक्रीमा संलग्न घरधुरी तथा आम्दानी (रु. मा)




बार्षिक कारोवार र पसल संख्या (कारोवार रु मा)



# उपयोगिता (Utilization)

## खानेपानी तथा सरसफाई (Access to Drinking Water and Sanitation )

पातारासी गाउँपालिका घरधुरीहरुमा खानेपानी उपयोग क्रमशः सार्वजनिक धाराबाट उपभोग गर्ने १,४४२ घरधुरी (४२ प्रतिशत), निजी धाराबाट उपभोग गर्ने १,२४८ घरधुरी (३६ प्रतिशत), मुलको पानी प्रयोग गर्ने ७०७ घरधुरी (२० प्रतिशत) र नदीको पानी प्रयोग गर्ने ६२ घरधुरी (२ प्रतिशत) रहेका छन्। वडागतरुपमा सबै भन्दा बढी सार्वजनीक धाराबाट खानेपानी प्रयोग गर्ने वडानं ६०१ घर ( शत प्रतिशत) वार्डनं ४ मा मुलको पानी प्रयोग गर्ने ६८२ घरधुरी (९१ प्रतिशत) र वार्डन  ७ मा निजि धारा प्रयोग गर्ने घरधुरी ३३८ घर (९४ प्रतिशत) छन्।

वडागत तवरले निजी धारा प्रयोग गर्ने क्रमशः वडानं ३, ७, ५ र १ मा क्रमश ३४६ घर, ३३८ घर, २५२ घर, १७८ घर छन् भन्ने सार्वजनीक धाराबाट खानेपानी प्रयोग गर्ने वडानं २, ६, ३, ५ र १ मा  क्रमश: ६०१ घर, ३६५ घर २०४ घर, १२० घर र रहेको छन् ।




समग्रमा गाउँपालिकाको घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार १,२२७ (३५ प्रतिशत), कच्ची शौचालय प्रयोग गर्न घरपरिवार १,२५२ (३६ प्रतिशत) र शौचालय नभएको घरपरिवार ९८० (२८ प्रतिशत ) रहेको छ।

वडागत रुपमा शौचालय नभएका घरपरीवार वडानं १ मा ६० घर (२४ प्रतिशत ), वडानं ३ मा ३६ घर (१२ प्रतिशत ), वडानं ४ मा ७४६ घर (१०० प्रतिशत ), वडानं ५ मा ११२ घर (१९ प्रतिशत ) र वाडानं  ७ मा १३ घर (२० प्रतिशत ) शौचालय नभएका घरधुरी छन।




## बाल पोषण अवस्था र छुई/छाउपडी चलन (Child Undernutrition among 6 – 23 months and Menstrual Hygiene Practice )

पातारासी गाउँपालिकाको ६ देखि २३ महिनाका बालबालिकाको संख्या ३१४ रहेको छ, जस मध्ये बालक १५८ जना र १५६ बालिका छन। यी बालबालिका मध्ये कम तौल भएका बालबालिका (५ प्रतिशत) रहेका छन्। बालक (३ प्रतिशत) रहेको छ।

*(स्रोत/source: मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रम, MCHN Programme जुम्ला )।*




पातारासी गाउँपालिकाको घरधुरीहरुमा वडास्तरीय लक्षित समूह छलफलको तथ्यांक/सूचना जानकारी अनुसार छुई अर्थात छाउपडी चलन बारेमा - छुई भएको बेला घरकै कोठामा बस्ने १,५०५ घरपरीवार (४४ प्रतिशत), छुई नमान्ने १,३६८ घरपरीवार (४० प्रतिशत ) छुई भएको बेला छुई घरमा घरको बस्ने ३७७ घरपरीवार (११ प्रतिशत) र छुई भएको बेला छुई गोठमा बस्ने २०९ घरपरीवार (६ प्रतिशत) रहेको पाईएको छ।

समग्रमा यस पालिकामा छुई अर्थात छाउपडी चलन ६० प्रतिशत घरधुरीहरुमा बिद्यमान चलन छ। वडागतरुपमा हेर्दा अझै पनि गोठमा बस्ने वार्डनं ३ मा ५६४ घरधुरीका शत प्रतिशत छन् भन्ने वार्डनं ३ मा ५६४ घर (९२ प्रतिशत), वार्डनं १ मा ११६ घर (६४ प्रतिशत), वार्डनं ७ मा ३५९ घर ( ६२ प्रतिशत ) वार्डनं ५ मा ७४६ (५४ प्रतिशत ) र वार्डनं ५ मा ३८२ (३९ प्रतिशत ) घरधुरी छन्। बिद्यमान अवस्थामा पनि महिला तथा किशोरीहरु महिनावरी भएको बेला छाउपडी बस्नु पर्ने चलन छ। जसको कारणले महिलाहरुमा दैनिकी कामहरुमा प्रत्यक्ष असर परेको छ।



# स्थिरता (Stability)

## रोजगारीका श्रोतहरु ( Sources of incomes )

पातारासी गाउँपालिकाको वडागत लक्षित समूह छलफल अनुसार रोजगारीबाट आर्जित बार्षिक आम्दानी १,५९१ जना संलग्न भएको देखिन्छ । आम्दानीको कूल हिस्साहरु मध्ये क्रमश: तलबी कर्मचारी ३३८ जनाबाट (४१ प्रतिशत), भारतमा मौसमी रोजगारी गर्ने ५९६ जनाबाट (२३ प्रतिशत), तेस्रो मुलुक २२० जनाबाट (२१ प्रतिशत), दैनिक ज्यालादारी रोजगारी ३१९ जनाबाट (११ प्रतिशत) र नेपाल भित्र मौसमी ब्यापार ११८ जनाबाट ( ४ प्रतिशत ) बाह्य अस्थायी मौसमी /ब्यापार बसाई सराईबाट आम्दानी आर्जन गर्छन ।

| वार्डनं | क्षेत्रगत रोजगारीमा संलग्न संख्या | रोजगारीबाट आम्दानी |
|---|---|---|
| वार्डनं १ | ३८ | ३,६२०,००० |
| वार्डनं २ | २०९ | ४,९२०,०१२ |
| वार्डनं ३ | ३५७ | ४३,११८,००४ |
| वार्डनं ४ | ३२७ | ३८,५६८,००० |
| वार्डनं ५ | २६३ | ३३,७९३,००० |
| वार्डनं ६ | २४७ | २५,२००,००० |
| वार्डनं ७ | १५० | २५,२९०,००० |
| जम्मा | १,५९१ | १७४,५०९,०१६ |

क्षेत्रगत रोजगारीबाट आर्जित रु 000 मा र रोजगारीमा संलग्न संख्याको (प्रतिशत)




वाडगत आम्दानीको तवरले हेर्दा बिभिन्न क्षेत्रहरुबाट क्रमश: सबै भन्दा बढि वार्डनं ३ मा (२५ प्रतिशत ), वार्डनं ४ मा (२२ प्रतिशत ), वार्डनं ५मा (१९ प्रतिशत ), वार्डनं ६ र ७ मा क्रमश ; (१७ प्रतिशत ) र वार्डनं २ मा (३ प्रतिशत ) आम्दानी गर्ने ब्यक्तिहरु छन् ।

# स्थिरता (Stability)

## निर्वाहपद्धति (Coping Strategy and Households affected by climate –related Natural disasters

समग्रमा पातारासी गाउँपालिका घरपरिवारहरुको दैनिक निर्वाहपद्धतिका अपनाउने उपायहरुमा क्रमश: कृषि ३८ प्रतिशत, ज्यालादारी ३० प्रतिशत, नगद सरसापटी २० प्रतिशत, अन्न साप्टी ४ प्रतिशत र तेस्रो देश जाने ३ प्रतिशत छन् ।

वडागतरुपमा घरधुरीहरुले जिवनयापन अर्थात निर्वाहपद्धति उपाय अपनाउने गरेको देखिन्छ । समग्ररुपमा मिश्रित खालका जीवन निर्वाह पद्धतिको सलग्नको आधारमा क्रमश: वार्डन १ मा ३०७ घर ( ९ प्रतिशत ), वार्डन २ मा ६०१ घर ( १७ प्रतिशत ), वार्डन ३ मा ५६४ घर ( १६ प्रतिशत ), वार्डन ४ मा ७४६ घर ( २२ प्रतिशत ), वार्डन ५ मा ३८२ घर ( ११ प्रतिशत ), वार्डन ६ मा ५०० घर ( १४ प्रतिशत ) र वार्डन ८ मा ३५९ घर ( १० प्रतिशत ) घरधुरीहरुले जिवन निर्वाहपद्धतिका उपायहरु अपनाउँछ ।

जीवन निर्वाह पद्धतिको आधारमा सलग्न संख्या र प्रतिशत




जलवायु जन्य प्राकृतिक प्रकोपबाट प्रभावीत घरधुरी र क्षति ( रु मा )




पातारासी गाउँपालिकामा दुई बर्षको बर्षको अवधिमा जलवायु जन्य प्राकृतिक प्रकोपबाट प्रभावीत कुल २३१ घरधुरी मध्ये क्षतिको सामाना गर्ने घरधुरी क्रमश: असिना /हिमपातबाट (पशु चौपाया / अन्न बाली ) – १०५ घरधुरी ( ४५ प्रतिशत), बाढीबाट (पशु चौपाया / अन्न बाली ) – ३३ घरधुरी ( १४ प्रतिशत), बाढीबाट (पशु चौपाया / अन्न बाली ) – ३३ घरधुरी ( १४ प्रतिशत), सुक्खा खडेरीबाट ( अन्न बाली ) - १६ घरधुरी ( ७ प्रतिशत), चट्याङ्बाट १६ घरधुरी – ( पशु चौपाया ) - ९ घरधुरी ( ४ प्रतिशत) रहेएको छ ।

# सारांस (Summary)


- गाउँपालिकाको कूल क्षेत्रफल क्षेत्रफल ८१४.०७ वर्ग कि.मी. रहेको छ। बस्तीस्तरमा स्थलगत लक्षित घरधुरी छलफल अनुसार खेती गरिएको बारी/पाखो १,४९२ हेक्टर (७६ प्रतिशत) र खेत ४६० हेक्टर (२४ प्रतिशत) रहेको छ।
- वडागतरुपमा तुलनात्मकरुपमा अन्न बाली बढी उत्पादन हुने वार्डहरु क्रमश: २, ३, ४, ५ र १ पर्छन। तरकारी उत्पादनमा क्रमश; फर्सी, काउली, बन्दा, रायो, मुला,खुर्सानी, भण्टा, चुचेकरेला र गोलभेडा रहेको छ। तरकारी बाली कुल उत्पादनको बढी उत्पादन हुने तरकारीहरु क्रमश: फर्सी (२५ प्रतिशत), काउली (१६ प्रतिशत), बन्दा (१४ प्रतिशत), रायो (१४ प्रतिशत) र मुला (१३ प्रतिशत) रहेको छ।
- अन्न बालीहरुमा धान,गहुँ, मकै, जौ, गहुँ ,फापर, कोदो र चिनो/कागुनो रहेको छ। अन्न बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: वाडनं २ मा १३४ मेटन ( १८ प्रतिशत), वाडनं ४ मा १३६ मेटन ( १६ प्रतिशत), वाडनं ७ मा १३५ मेटन ( १६ प्रतिशत), वाडनं ४ मा ११७ घर (१६ प्रतिशत), वाडनं ६ मा ११७ मेटन (१६ प्रतिशत), वाडनं १ मा १११ मेटन (१५ प्रतिशत), वाडनं ३ मा १०२ मेटन (१४ प्रतिशत), वाडनं ५ मा ९१ मेटन (१२ प्रतिशत), र वाडनं ७ मा ७७ मेटन (१० प्रतिशत) रहेको छ।
- समग्र गाउँपालिकाको पशुपन्छी संख्यात्मक तवरले बढी पालन गर्ने वडाहरु क्रमश: ७, ५, ४ र २ रहेको छ। पशुजन्य उत्पादनमा क्रमश: दुध उत्पादनमा संलग्न १,५९० घरधुरी (१४ प्रतिशत) र घ्यू उत्पादन १,३२३ घरधुरी (१० प्रतिशत) रहेका छन्। मुख्य नगदे बालीहरुमा आलु, सिमी, स्याउ र ओखर पर्दछन्। वाडगत नगदेबालीको कुल उत्पादनको क्रमश: वार्डनं ४ (२८ प्रतिशत), वार्डनं ७ (२२ प्रतिशत), वार्डनं ५ मा (१४ प्रतिशत), वार्डनं १ (१२ प्रतिशत) र वार्डनं ३ (१० प्रतिशत) रहेको छ।
- गैरकाष्ठ बन पैदावार उत्पादनको तवरले क्रमश; सेतोचिनी, पदमचाल, जटामासी, कटुको र खिरौला रउत्पादन हुन्छ र नगदे बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: ७ वार्डनं ४ (४४ प्रतिशत), वार्डनं १ (२० प्रतिशत), वार्डनं २ (१७ प्रतिशत) र वार्डनं ५ (१७ प्रतिशत) छ।
- समग्र गाउँपालिकाको कुल घरपरिवारमा आफ्नो स्थानीय उत्पादनले ४ महिना भन्दा कम पुग्ने ३९ प्रतिशत घरधुरी छन। वाडगत हेर्दा ४ महिना भन्दा कम पुग्ने वडानं १ मा १२ घर (२ प्रतिशत), वडानं २ मा २७१ घर (१८ प्रतिशत), वडानं ३ मा २५६ घर (१८ प्रतिशत), वडानं ४ मा ३६२ घर (४४ प्रतिशत), वडानं ५ मा ८१ घर (२० प्रतिशत), वडानं ६ मा २८० घर (२३ प्रतिशत) र वडानं ७ मा ९४ घर (११ प्रतिशत) घरधुरीहरु रहेको देखिन्छ।
- समग्र आम्दानीको हिसावले ओगोटेको हिस्साको क्रमश; गैरकाष्ठ २३८ घरधुरी (३१ प्रतिशत ३,), पशुजन्य १,५२५ घरधुरी (२९ प्रतिशत), अन्न बाली १,७५४ (३० प्रतिशत) घरधुरी संलग्न र आम्दानीको स्रोत र रहेका छन्।
- पातारासी गाउँपालिका घरधुरीहरुमा खानेपानी उपयोग क्रमश: सार्वजनिक धारा १,४४२ घरधुरी (४२ प्रतिशत), निजी धारा उपभोग गर्ने १,२४८ घरधुरी (३६ प्रतिशत), मुलको पानी प्रयोग गर्ने ७०७ घरधुरी (२० प्रतिशत) र नदीको पानी प्रयोग गर्ने ६२ घरधुरी (२ प्रतिशत) रहेको छ।
- समग्रमा पालिकाको घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार १,२२७ (३५प्रतिशत), कच्ची शौचालय प्रयोग गर्न घरपरिवार १,२५२ (३६ प्रतिशत) र शौचालय नभएको घरपरिवार ९८० (२८ प्रतिशत ) रहेको छ।
- समग्र गाउँपालिकाको ६ देखि २३ महिनाका बालबालिकाको संख्या ३१४ रहेको छ, जस मध्ये बालक १५८ जना र १५६ बालिका छन। यी बालबालिका मध्ये कम तौल भएका बालबालिका (५ प्रतिशत) रहेका छन्। बालक (३ प्रतिशत) रहेको छ।
- समग्रमा यस पालिकामा छुई अर्थात छाउपडी चलन ६० प्रतिशत घरधुरीहरुमा बिद्यमान चलन छ, क्रमश; छुई अर्थात छाउपडी चलन छुई भएको बेला घरकै कोठामा बस्ने १,५०५ जना (४४ प्रतिशत), छुई नमान्ने १,३६८ जना (४० प्रतिशत ) छुई भएको बेला छुई घरमा घरको बस्ने ३७७ जना (११ प्रतिशत) र छुई भएको बेला छुई गोठमा बस्ने २०९ जना (६ प्रतिशत) घरधुरीहरुमा छाउपडी चलन छ।
- समग्रमा पालिकाको रोजगार तथा आर्थिक आम्दानीको कूल हिसाहरु मध्ये क्रमश: तलबी कर्मचारी ३३८ जनाबाट (४१ प्रतिशत), भारतमा मौसमी रोजगारी गर्ने ५९६ जनाबाट (२३ प्रतिशत), तेस्रो मुलुक २२० जनाबाट (२१ प्रतिशत), दैनिक ज्यालादारी रोजगारी ३१९ जनाबाट (११ प्रतिशत) र नेपाल भित्र मौसमी ब्यापार ११८ जनाबाट ( ४ प्रतिशत ) बाहृ अस्थायी मौसमी /ब्यापार बसाई सराईबाट आम्दानी आर्जित गर्छन।
- समग्रमा पालिकाको दैनिक निर्वाहपद्धति घरपरिवारहरुले अपनाउने पद्धतिमा क्रमश: कृषि ३८ प्रतिशत, ज्यालादारी ३० प्रतिशत, नगद सरसापटी २० प्रतिशत, अन्न सापटी ४ प्रतिशत र तेस्रो देश जाने ३ प्रतिशत छन्।
- जलवायु जन्य प्राकृतिक प्रकोपबाट प्रभावीत कुल घरधुरी मध्ये क्षतिको सामाना गर्ने घरधुरी क्रमश: असिना /हिमपातबाट - पशु चौपाया ,अन्न वाली १०५ घरधुरी (४५ प्रतिशत), बाढीबाट – घर, अन्न वाली ६८ घरधुरी (२९ प्रतिशत), पहीरोबाट - पशु चौपाया ,अन्न वाली ३३ घरधुरी (१४ प्रतिशत), सुक्खा खडेरीबाट - अन्न वाली १६ घरधुरी (७ प्रतिशत), र चटयाङ्बाट - पशु चौपाया ९ घरधुरी (४ प्रतिशत) छ।



**खाद्य सुरक्षा सूचना केन्द्र स्थापना, क्षमता अभिबृद्धि, खाद्य सुरक्षा सर्वेक्षण तथा यो खाद्य सुरक्षा बुलेटिन तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा विश्व खाद्य कार्यक्रमबाट प्राप्त प्राविधिक सहयोगका लागि कृषिशाखा, पातारासी गाउँपालिका, जुम्ला आभार व्यक्त गर्दछ।**

**प्रदेश सरकार**

**भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

WFP World Food Programme



**पातारासी गाउँपालिका**

**जुम्ला, कर्णाली प्रदेश**

**थप जानकारीको लागि:**

**मोबाईल नं : ९८५८३६६४११ खिम बहादुर रोकाया (सूचना अधिकारी)**

**मोबाईल नं : ९८५८३६६४०० ( रुपक बुढा, पालिका कृषि शाखा प्रमुख)**

**Website: https://patarasimun.gov.np/**


फोटो सौजन्य: रुपक बुढा, गगन केसी, हरि कामी, जुम्ला




